ठाकुरबाबा नगरपालिकाको एघारौं नगरसभा बैठकमा

नगर उपप्रमुख विना कुमारी भट्टराईले प्रस्तुत गर्नुभएको

# आर्थिक वर्ष २०७९/०८० को

## बजेट वक्तव्य

ठाकुरबाबा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

सैनवार, लुम्बिनी प्रदेश नेपाल

**अध्यक्ष महोदय,**

१. सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपाल, ठाकुरबाबा नगरपालिका स्थानीय सरकारको उपप्रमुखको हैसियतले नेपालको संविधानको धारा २३० बमोजिम यस गरिमामय सभामा स्थानीय सरकारको आ. व. २०७९/०८० को वार्षिक बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

२. आर्थिक वर्ष २०७९/०८० को बजेट प्रस्तुत गरिरहँदा मुलुकको आमूल परिवर्तनका लागि भएका क्रान्ति तथा संघर्षहरुमा आफ्नो अमूल्य जीवन बलिदान गर्नुहुने महान् सहिदहरुलाई उच्च सम्मान तथा घाइते, योद्धा र बेपत्ता नागरिकहरुलाई स्मरण गर्न चाहन्छु ।

३. नेपालको संविधानले आत्मसाथ गरेको सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको आधारमा रहेको जनताको सबैभन्दा नजिकको सरकार यस स्थानीय तहको दोस्रो निर्वाचनबाट निर्वाचित भई स्थापित यस सभाका सबै सदस्यहरुमा हार्दिक बधाईसहित निर्वाचन प्रक्रियामा प्रत्यक्ष र परोक्ष रुपमा सहयोग पुऱ्याउनु हुने सबै पक्षलाई हार्दिक आभार सहित धन्यवाद ज्ञापन गर्दछु ।

४. स्थानीय सरकारको आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा मैले नेपाल सरकारद्वारा स्वीकृत कार्यविस्तृतीकरण प्रतिवेदन, दीगो विकासका लक्ष्यहरू, नेपाल सरकारको आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम र बजेट वक्तव्य, पन्ध्रौं योजना, लुम्बिनी प्रदेश सरकारको आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम र बजेट वक्तव्य, प्रदेशको प्रथम आवधिक योजना, यस नगरपालिकाको २० वर्षे गुरुयोजना तथा १० वर्षे शैक्षिक विकास योजना, गरिमामय ११ औं नगरसभाबाट पारित आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र विभिन्न सरोकारवालाहरुबाट प्राप्त राय, सल्लाह र सुझाव समेतलाई आधार बनाएको छु ।

**अध्यक्ष महोदय,**

अब म नगरको चालु आर्थिक वर्षको बजेट कार्यान्वयन र आर्थिक स्थितिका बारेमा संक्षिप्त जानकारी गराउन चाहन्छु ।

५. नगरपालिकाको कार्य सञ्चालनमा आवश्यक पर्ने कानून, नीति, कार्यविधिहरु तयार भइसकेको, संगठनात्मक संरचना अनुसारको जनशक्तिको पदपूर्ति र योजनावद्ध कार्यक्रम कार्यान्वयन गर्ने परिपाटीको विकास भइसकेकोले पूर्ण सक्षमताका साथ बजेट कार्यान्वयन गर्न सक्ने अवस्थामा पुगेको छ ।

६. चालु आर्थिक वर्षका लागि रु. ७५,७४,३१,३२४।- पचहत्तर करोड चौहत्तर लाख एकतिस हजार तीन सय चौबीस रुपैयाँ (चालु खर्चतर्फ रु. ३८,२०,९८,७९७।- अडतिस करोड बीस लाख अन्ठानब्बे हजार सात सय सन्तानब्बे र पूँजीगत खर्चतर्फ रु. ३७,५३,३२,५२७।- सैंतीस करोड त्रिपन्न लाख बत्तीस हजार पाँच सय सत्ताइस) विनियोजन भएकोमा वर्षको अन्त्यमा आइपुग्दा प्रस्तावित बजेटको आकार बढेर ७८,४३,८२,७१६।- (अठहत्तर करोड त्रिचालिस लाख बयासी हजार सात सय सोह्र) पुगेको छ । जुन प्रस्तावित बजेट भन्दा ३.५६ प्रतिशत बढी हो । जस मध्ये चालु खर्चतर्फ रु. ४३,६६,६८,१९५।- (त्रिचालिस करोड छैसठ्ठि लाख अठसठ्ठि हजार एक सय पन्चानब्बे र पूँजीगत खर्चतर्फ रु. ३४,७७,१४,५२१ (चौँतीस करोड सतहत्तर लाख चौध हजार पाँच सय एक्काईस) रहेको छ । तर ज्येष्ठ मसान्तसम्म वास्तविक आय रु. ७३,२२,३२,३७६।- (त्रिहत्तर करोड बाईस लाख बत्तीस हजार सात तीन सय छयहत्तर) रहेको छ । जुन आर्थिक वर्षका लागि प्रस्तावित आयभन्दा ३.३३ प्रतिशत कम हो ।

७. ज्येष्ठ मसान्तसम्ममा चालु खर्चतर्फको बजेट रु. ४३,६६,६८,१९५ (त्रिचालिस करोड छैसठ्ठि लाख अठसठ्ठि हजार एक सय पन्चानब्बे) मध्ये रु. २८,२६,१४,२३६।- (अठ्ठाईस करोड छब्बिस लाख चौध हजार दुई सय छत्तीस) रुपैयाँ खर्च भई ६४.७२ प्रतिशत र पूँजीगत खर्चतर्फ रु. ३४,७७,१४,५२१ (चौँतीस करोड सतहत्तर लाख चौध हजार पाँच सय एक्काईस) रुपैयाँ मध्ये रु. १२,५८,८४,४८२ ।- (बाह्र करोड अन्ठाउन्न लाख चौरासी हजार चार सय बयासी) रुपैयाँ खर्च भई ३६.०२ प्रतिशत प्रगति रहेको छ । समग्रमा रु. ४०,८४,९८,७१८।- चालीस करोड चौरासी लाख अन्ठानब्बे हजार सात सय अठार रुपैयाँ खर्च भई ५५.७९ प्रतिशत प्रगति रहेको छ ।

८. यस नगरपालिकाको वडा नं. ३, नेउलापुरमा १५ शैयाको नगर अस्पतालको निर्माण कार्य तिव्र गतिमा सञ्चालन भइरहेकोले आगामी आर्थिक वर्षभित्र निर्माण सम्पन्न गरी स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले हालै प्रकाशन गरेको तेरिज अनुसारको

जनशक्तिको व्यवस्थापन सहित सेवा सुचारु गर्न प्रयत्न गरिनेछ । भवन निर्माणमा आवश्यक पर्ने वजेटका लागि आवश्यक समन्वय तथा व्यवस्थापन गरिनेछ ।

९. प्रदेश सरकारको समन्वयमा वडा नं. २ मा ५० लाखको लागतमा हात्ती छेकबारका लागि पक्की पर्खाल निर्माणको कार्य सम्पन्न भएको छ ।

१०. राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत ६ वटा विद्यालयको विद्यालय भवन निर्माणका लागि आवश्यक प्रक्रिया अवलम्बन गरिएको, ४ वटा विद्यालयमा ICT ल्याब स्थापना तथा त्रिभुवन नमूना माध्यमिक विद्यालयमा पशु विज्ञान तर्फको ल्याबलाई थप व्यवस्थित बनाइनुका साथै विद्यालयको शैक्षिक सुधार कार्यक्रम तथा शिक्षण विधिमा प्रविधिको विकासका लागि सबै सामुदायिक विद्यालयमा ईन्टरनेट जडान, मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम र शैक्षिक विकास कोष मार्फत सबै विद्यालयको रङ्गरोगन तथा शौचालयहरुको मर्मत सुधार गरिएको छ ।

११. सामाजिक विकास मन्त्रालय, लुम्बिनी प्रदेशबाट १० लाखको प्रस्तावना स्वीकृत भई वडा नं. ७ मा रहेको कानपुर खेल मैदान निर्माण गर्ने कार्य भइरहेको छ ।

१२. नगरपालिकाको प्रशासनिक भवनको निर्माण कार्य अन्तिम चरणमा रहेकोले यस गरिमामय नगरसभालाई यस हलमा आयोजना गर्न सफल भएका छौँ । कार्यपालिकाको बैठक पनि आफ्नै हलमा सञ्चालन भइरहेको छ र न्यायीक समितिको कार्यलाई सहज बनाउन इजलाससहितको कार्यकक्ष निर्माण गरिएको छ ।

१३. नगरपालिकाको प्रशासनिक भवन आफ्नै स्रोतबाट बनाउने गरी कार्य अघि बढाइएकोमा स्थानीय पूर्वाधार विभागबाट रु. ५० लाख अनुदान प्राप्त भएको छ र थप रु. ९२ लाख अनुदान प्राप्तिको क्रममा रहेको छ ।

१४. कोभिड-१९ को महामारीबाट प्रभावित ८०२ जना अति विपन्न परिवार छनौट गरी प्रति परिवार रु. १०,०००।- का दरले कुल रु. ८०,२०,०००।- (असी लाख बीस हजार) रकम वितरण गरिएको छ ।

१५. वि. सं. २०७१ सालको बाढीबाट प्रभावित ५९० जना घरपरिवारलाई १,११,८०,०००।- (एक करोड एघार लाख असी हजार) रुपैयाँ वितरण गरिएको छ ।

१६. कार्तिक महिनामा आएको बेमौसमी वर्षाले धानबालीमा पुर्‍याएको क्षतीको राहतस्वरुप प्राप्त भएको रकम रु. २,००,००,०००।- (दुई करोड) सम्बन्धित किसानको बैङ्क खातामा पठाइएको छ ।

१७. यस नगरपालिकाका ३८१९ जना सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुलाई सामाजिक सुरक्षा भत्ता बापत रु. १३,५०,००,०००।- (तेह्र करोड पचास लाख) रकम वितरण गरिएको छ ।

१८. आर्थिक वर्ष २०७७/०७८ मा प्रस्तावित आय रु. ६२,०२,५२,९८८।- (बैसठ्ठि करोड दुई लाख बाउन्न हजार नौ सय अठासी) रुपैयाँ अनुमान गरिएकोमा रु. ७९,२७,५५,९९१।- (उनासी करोड सत्ताईस लाख पचपन्न हजार नौ सय एकानब्बे) वास्तविक आय भई रु. ५६,६७,०६,४०१।- (छपन्न करोड सत्सठ्ठि लाख छ हजार चार सय एक) रुपैयाँ व्यय भएकोले अनुमोदनका लागि पेश गरेको छु ।

**अध्यक्ष महोदय,**

अब म गरिमामय सभा समक्ष आ. व. २०७९/०८० को बजेटको उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्न चाहन्छु ।

१९. **सम्मुनत ठाकुरबाबा : सबल नगरवासी**को सपना साकार गर्न तर्जुमा गरी प्रस्ताव गरिएको आर्थिक वर्ष २०७९/०८० को बजेटको उद्देश्य तथा प्राथमितकताहरु देहाय बमोजिम रहेका छन् ।

क. शिक्षा तथा स्वास्थ्यलाई उच्च प्राथमिता दिँदै यी क्षेत्रहरुमा आम नागरिकको सहज पहुँच बढाउँदै गुणस्तरीय सेवा उपलब्ध गराउने ।

ख. उत्पादन र रोजगारीको अवसर सिर्जना गरी नगरलाई आधारभूत खाद्य, पशुजन्य तथा मसलाजन्य बालीको बजारीकरणमा सहयोग गरी आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्ने ।

ग. सञ्चालित वडा तथा नगरस्तरीय गौरवका आयोजनालाई पहिलो चौमासिकभित्र सम्पन्न गरी प्रस्तावित गौरवका आयोजनाको निर्माण प्रक्रिया कार्ययोजना बनाई निर्धारित समयमा नै सम्पन्न गर्ने ।

घ आधारभूत भौतिक पूर्वाधारको विकास र विस्तार तथा सामाजिक जागरणका माध्यमबाट पिछडिएको क्षेत्रको आर्थिक, सामाजिक रुपान्तरण गर्ने ।

ङ. बजेट कार्यान्वयनमा सुधार र सुशासन प्रत्याभूत गर्ने ।

यस बजेटका प्राथमिकताहरु देहायबमोजिम रहेका छन्:

क) गुणस्तरीय शिक्षा, स्वास्थ्य लगायत सामाजिक सेवाको विकास र विस्तार

ख) कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि

ग) वडा तथा नगरस्तरीय गौरवका आयोजनाहरुको कार्यान्वयन

घ) कृषि तथा पर्यटन क्षेत्रको विकासबाट रोजगार सिर्जना

ङ) सिंचाई, खानेपानी तथा सरसफाई व्यवस्थापन

च) सार्वजनिक सेवा प्रवाह र संरचनागत जनशक्ति व्यवस्थापन

छ) जनप्रतिनिधि र कर्मचारीको क्षमता विकास र सुशासन प्रवर्द्धन

**अध्यक्ष महोदय,**

अब म आ. व. २०७९/०८० को प्रस्तावित बजेटसहित क्षेत्रगत कार्यक्रम तथा बजेट प्रस्तुत गर्न गइरहेको छु ।

२०. आ. व. २०७९/०८० को लागि रु. ८१,६५,४०,३५५।- (एकासी करोड पैँसठ्ठि लाख चालिस हजार तिन सय पचपन्न) रुपैयाँको बजेट प्रस्ताव गरिएको छ । जुन गत आ. व. को प्रस्तावित बजेट भन्दा ७.८ प्रतिशत र वास्तविक बजेट भन्दा ११.५१ प्रतिशतले बढी हो । यस मध्ये चालु बजेट रु. ४३,८७,१७,१९५।- (त्रिचालिस करोड सतासी लाख सत्र हजार एक सय पन्चानब्बे) रुपैयाँ र पुँजीगत बजेट रु. ३७,७८,२३,१६०।- (सैंतीस करोड अठहत्तर लाख तेईस हजार एक सय साठी) रुपैयाँ रहेको छ । जुन क्रमश: ५३.७३ र ४६.२७ प्रतिशत हो । पछिल्लो दिनमा चालु र पुँजीगत खर्च बीचको अनुपात साँगुरिँदै गएको छ ।

२१. आगामी आर्थिक बर्षको बजेटको स्रोत तपसिल बमोजिम रहेको छ ।

| | | |
|---|---|---|
| सङ्घीय सशर्त अनुदान | रु. २५,७७,००,०००।- | पच्चिस करोड सतहत्तर लाख, |
| सङ्घीय समानीकरण अनुदान | रु. १५,३६,००,०००।- | पन्ध्र करोड छत्तिस लाख, |
| सङ्घीय समपूरक अनुदान | रु. १,००,००,००० ।- | एक करोड |
| सङ्घीय राजश्व बाँडफाँट | रु. ११,२३,७६,०००।- | एघार करोड तेईस लाख छयहत्तर हजार |
| प्रदेश सशर्त अनुदान | रु. १,१५,४४,०००।- | एक करोड पन्ध्र लाख चवालीस हजार |
| प्रदेश समानीकरण अनुदान | रु. ८५,८५,०००।- | पचासी लाख पचासी हजार, |
| प्रदेश राजश्व बाँडफाँट | रु. १,४९,५३,०००।- | एक करोड उन्चास लाख त्रिपन्न हजार |
| प्रदेश समपुरक अनुदान | रु. २,००,००,०००।- | दुई करोड, |
| आन्तरिक राजश्व | रु. ६,६८,००,०००।- | छ करोड अठसठ्ठि लाख |
| अल्या | रु. १४,०९,८८,३५५।- | चौध करोड नौ लाख अठासी हजार तीन सय पचपन्न |
| प्रधानमन्त्री रोजगार कार्यक्रम | रु. ७२,९९,०००।- | बहत्तर लाख उनानसय हजार |
| बहुक्षेत्रीय पोषण कार्यक्रम | रु. १५,९५,०००।- | पन्ध्र लाख पन्चानब्बे हजार, |
| प्राकृतिक स्रोतको रोयल्टी (सं.क्षे.) | रु. ६,००,०००।- | छ लाख |
| सडक बोर्ड | रु. ३५,००,०००।- | पैंतिस लाख, |
| मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम | रु. ७०,००,०००।- | सत्तरी लाख |

**अध्यक्ष महोदय,**

अब म क्षेत्रगत विनियोजन प्रस्तुत गर्न चाहन्छु ।

२२. सङ्घीय र प्रदेश सरकारबाट यस नगरपालिकाका लागि विनियोजित बजेट तथा नगरपालिकाको आन्तरिक स्रोत समेतका आधारमा क्षेत्रगत बजेट बाँडफाँट तपसिल अनुसार गरिएको छ ।

| | | |
|---|---|---|
| प्रशासनिक क्षेत्र | रु. ११,५३,७४,२००।- | एघार करोड त्रिपन्न लाख चौहत्तर हजार दुई सय |
| सामाजिक क्षेत्र | रु. २७,२२,३७,७९०।- | सत्ताइस करोड बाईस लाख सैंतीस हजार सात सय नब्बे, |
| आर्थिक क्षेत्र | रु. ३,६९,९०,०००।- | तीन करोड उनसत्तरी लाख नब्बे हजार |

| | | |
|---|---|---|
| पूर्वाधार विकास क्षेत्र | रु. २९,६१,२२,५७५।- | उन्तीस करोड एकसठ्ठि लाख बाइस हजार पाँच सय पचहत्तर |
| वातावरण तथा विपद् व्यवस्थापन | रु. २,०२,००,०००।- | दुई करोड दुई लाख |
| सुशासन तथा संस्थागत विकास | रु. २,३१,१६,९९०।- | दुई करोड एकतिस लाख सोह्र हजार नौ सय नब्बे |
| वडा स्तरीय कार्यक्रम | रु. ५,२४,९८,८००।- | पाँच करोड चौबीस लाख अन्ठानब्बे हजार आठ सय |

अब म क्षेत्रगत रुपमा विनियोजित बजेटको बाँडफाँटको विस्तृत विवरण प्रस्तुत गर्दछु ।

**स्वास्थ्य सेवा :**

२३. नागरिकको जीवन रक्षा गर्नु नै प्रमुख दायित्व महसुस गरी स्वास्थ्य सेवाका लागि रु. ४,७८,७७,७९०।- (चार करोड अठहत्तर लाख सतहत्तर हजार सात सय नब्बे) रुपैयाँ विनियोजन गरिएको छ । जुन अघिल्लो आ. व. भन्दा २५ प्रतिशत बढी छ ।

२४. नेपाल सरकारले तोकेको निःशुल्क वितरण हुने ९८ प्रकारका औषधीको सहज उपलब्धता हुने गरी रु. ३९,५०,०००।- (उन्चालिस लाख पचास हजार) विनियोजन गरिएको छ । नेपाल सरकारले निःशुल्क घोषणा गरेका औषधी आम नागरिकका लागि सहज पहुँच भई सर्पदंश केन्द्रमा अत्यावश्यक औषधीको समेत आपूर्ति हुनेछ । यसबाट यस नगरपालिकामा रहेको नागरिक आरोग्य केन्द्र र सर्पदंश केन्द्रमा समेत निःशुल्क औषधी आपूर्तिमा सहजता हुने अपेक्षा लिइएको छ ।

२५. ७० वर्षभन्दा बढी उमेरका ज्येष्ठ नागरिकका लागि घरदैलोमा नै स्वास्थ्य सेवा उपलब्ध गराउन आवश्यक बजेटको व्यवस्था गरेको छु ।

२६. विगत २ वर्ष देखि नै नेउलापुर स्वास्थ्य केन्द्रमा एम.बि.बि.एस. डाक्टरको सेवा उपलब्ध हुँदै आएकोमा नगर अस्पताल निर्माण भइरहेकोले यसै आर्थिक वर्षभित्र निर्माण सक्ने गरी निर्माण कार्यलाई तिव्रता दिई हालै स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले तयार गरेको तेरिजको आधारमा आवश्यक थप जनशक्ति समेतको व्यवस्थापनबाट स्वास्थ्य सेवामा आम नगरवासीको पहुँच सुनिश्चित गर्न आवश्यक प्रबन्ध गरिएको छ ।

२७. यस नगरपालिका क्षयरोगको उच्च जोखिममा रहेको देखिएकोले क्षयरोगको जाँचपड्तालका लागि नेउलापुर स्वास्थ्य केन्द्रमा अत्याधुनिक ल्याबको स्थापनाका साथै क्षयरोग निवारण गर्न आवश्यक बजेट प्रस्ताव गरेको छु ।

२८. नेउलापुर स्वास्थ्य चौकीमा स्थापना भएको सिकलसेल एनिमिया ल्याब सञ्चालनमा ल्याउन आवश्यक बजेट विनियोजन गरेको छु । साथै थावामिस एनिमियाको उपचारका लागि बजेट विनियोजन गरेको छु ।

२९. नगर अस्पताल निर्माण भई सञ्चालनमा नआउञ्जेल मेडिकल अधिकृतस्तरीय सेवा सहितको जनशक्ति तथा आवश्यक स्वास्थ्य सामग्रीको व्यवस्था गर्न आवश्यक बजेट विनियोजन गरिएको छ ।

३०. बगनाहा स्वास्थ्य चौकीलाई स्तरोन्नती गर्न तथा नेउलापुर स्वास्थ्य चौकीलाई ट्रमा सेन्टरको रुपमा सञ्चालन गर्न आवश्यक पहल गरिनेछ ।

३१. पालिकामा रहेका चार वटै स्वास्थ्य चौकी र ठाकुरद्वारामा स्थापना हुने ल्याब समेतबाट तोकिएका स्वास्थ्य परीक्षणलाई निःशुल्क गरी नगरवासीमा आफ्नो स्वास्थ्य तथा आहारविहारमा सुधार ल्याउन उत्प्रेरित गरी नसर्ने रोगबाट हुने भवितव्य रोक्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

३२. स्वास्थ्य विशेषज्ञ सेवाबाट विमुख नगरवासीलाई घर आँगनमा नै सेवा प्रदान गर्न वृहत् स्वास्थ्य शिविरहरु सञ्चालनका लागि आवश्यक बजेट व्यवस्थापन गरिएको छ ।

३३. महिलाहरुको पाठेघर तथा स्तन क्यान्सरबाट हुने मृत्यु र जोखिमलाई न्युनीकरण गरी सहज जीवनयापन गर्न सबै वडामा सुशील कोईराला प्रखर क्यान्सर अस्पताल, खजुराको प्राविधिक सहयोगमा शिविर सञ्चालन गरिनेछ ।

३४. नेउलापुर स्वास्थ्य चौकीबाट रेबिज र टिटानसको खोप निःशुल्क उपलब्ध गराउन आवश्यक उपकरण सहितको व्यवस्थापनका लागि बजेट विनियोजन गरेको छु । नेउलापुर स्वास्थ्य चौकीबाट नै पोष्टमार्टम सेवा उपलब्ध गराउन आवश्यक व्यवस्थापन गरिनेछ ।

३५. तोकिएका उमेर समूहका ज्येष्ठ नागरिक, रिफर गर्न परेका गर्भवती महिला लगायतका लक्षित समूहलाई एम्बुलेन्स सेवामा र बीमा कार्यक्रमका लागि विशेष छुटको व्यवस्था गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

३६. सञ्चालित बर्थिङ्ग सेन्टरहरुमा आवश्यक बेड तथा औजारको व्यवस्थापन गर्न रु. ५ लाख बजेट व्यवस्थापन गरेको छु ।

३७. स्वास्थ्य सेवाको सबै विवरणहरुलाई वस्तुनिष्ट बनाउन HMIS/MIS मा प्रविष्टिकरण गर्न आवश्यक सामग्री सहितको बजेटको व्यवस्था गरेको छु ।

३८. यस नगरपालिकालाई पूर्ण खोप सुनिश्चित नगरपालिका घोषणा गरी सकिएकोले सोलाई कायम गरी खोप तथा गाउँघर क्लिनिक समेतलाई व्यवस्थापन गर्न आवश्यक बजेटको बजेट व्यवस्था गरेको छु ।

**शिक्षा, खेलकुद तथा कला संस्कृति :**

३९. शिक्षा क्षेत्रको लागि कुल रु. २१,६८,००,०००।- एक्काई करोड अठसठ्ठि लाख रुपैयाँ बजेट विनियोजन गरेको छु । विद्यालय शिक्षा तथा क्याम्पसहरुको शिक्षाको समग्र विकासका लागि शैक्षिक विकास कार्यक्रम सञ्चालन गर्न र क्याम्पसमा अध्ययनरत छात्राहरुको लागि समेत निःशुल्क सेनिटरी प्याड वितरणका लागि थप बजेटको व्यवस्था गरेको छु । शिक्षामा विनियोजित यो बजेट गत वर्षको तुलनामा ११ प्रतिशत बढी हो भने कुल बजेटको २७ प्रतिशत हो ।

४०. प्राविधिक शिक्षाको माध्यमबाट स्थानीय स्तरमा प्राविधिक जनशक्ति तयार गर्न ने.रा.मा.वि., ठाकुरद्वारामा ८ कोठे सुविधा सम्पन्न भवन निर्माण गर्न ठेक्का प्रक्रिया पूरा भई सम्झौता भइसकेको छ । सोका लागि बजेट विनियोजन गरिएको छ ।

४१. नयाँ माध्यमिक तहको कक्षा सञ्चालन भएका वडा नं.४, ७ र ९ का विद्यालयमा थप विषयगत शिक्षक व्यवस्थापन गर्न १/१ जना माध्यमिक तहको शिक्षकका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

४२. योग्यता नपुगेका बाल विकास केन्द्रका सहयोगी कार्यकर्ताहरुको सम्मान सहित बिदाई गर्न आवश्यक बजेटको व्यवस्थापन गरेको छु ।

४३. विद्यालयहरुको भौतिक सुविधा विस्तार गरी शिक्षण सिकाईमा सुधार ल्याउन प्रत्येक तलामा शौचालय र खानेपानीको व्यवस्था सहितका बहुतले भवन निर्माण गर्न किसान मा. वि. बनकट्टि, हिमालय आ. वि. मिर्चैया, सरस्वति आ. वि. नेउलापुर, त्रिभुवन नमूना मा. वि. भुरिगाउँ, बबई शिशु मन्दिर मा. वि. बर्गदा, शिवसुन्दर मा. वि. सुन्दरपुर, जगदम्बा मा. वि. मढेला र ने. रा. मा. वि. ठाकुरद्वारामा भवन निर्माण गर्न आवश्यक बजेट व्यवस्थापन गरिएको छ । यी आयोजनाहरु सम्पन्न भएपछि ५८ वटा थप नयाँ कक्षाकोठाहरु निर्माण हुनेछन् ।

४४. शिक्षा र स्वास्थ्य आम नगरवासीको संवैधानिक मौलिक हक समेत रहेकोले यस क्षेत्रलाई उच्च प्राथमिकतामा राखी कुल बजेटको ३३ प्रतिशत बजेट विनियोजन गरिएको छ ।

४५. अनाथ तथा असहाय बालबालिकाको शिक्षा तथा जीवन रक्षा समेतका लागि आवासीय शिक्षा सञ्चालन गर्न तथा गुरुकूल शिक्षाका लागि आवश्यक बजेट व्यवस्थापन गरिएको छ ।

४६. कक्षा १२ सम्मको शिक्षालाई निःशुल्क गर्ने गरी हाललाई व्यस्थापन बापतको रकम अनुदानको रुपमा दिई तोकिएका लक्षित समूहका बालबालिकाका लागि निःशुल्क पठनपाठनको व्यवस्था गरिनेछ ।

४७. शिक्षकको पेशागत क्षमता विकास गरी शिक्षण सिकाईमा सुधार ल्याउन आवश्यक सीप विकास तालिम एवं सूचना प्रविधि सम्बन्धि कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

४८. कला र संस्कृति हाम्रो पहिचान र सम्पति हो । यसको प्रवर्धन र सम्वर्धन गर्न तथा कलाकारहरुलाई प्रोत्साहित गर्नका लागि रु २,५०,०००।- (दुई लाख पचास हजार) बजेट विनियोजन गरेको छु ।

४९. समग्र खेलकुद विकासका लागि रु. २८,००,०००।- (अठ्ठाइस लाख) बजेट विनियोजन गरेको छु । ठाकुरबाबा नगरपालिकाको पहिचान खोखो खेलकुद सञ्चालन, पाँचौं नगरस्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता (आ. वि. तहलाई समेत समावेश गर्ने गरी) र नगर तथा वडास्तरीय खेलकुद प्रतियोगिता सञ्चालन गर्ने गरी बजेट विनियोजन गरेको छु । साथै खेल प्रशिक्षकलाई तालिम प्रदान गर्नका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

५०. एक वडा एक खेल मैदान पूर्वाधार विकासका लागि साझेदारीमा कार्य गर्न आवश्यक बजेट विनियोजन गरिएको छ ।

**महिला  बालबालिका तथा जेष्ठ नागरिक :**

५१. **सीपमा पैसा छ, सीप भएको व्यक्ति भोकले मर्दैन** भन्ने कुरा युवापंक्तिलाई महसुस गर्ने वातावरण सिर्जना गरी सीपतर्फ आकर्षित गर्न र भएका सीपमा निखारपन ल्याई दक्षता अभिवृद्धि गर्न सिकर्मी, डकर्मी, इलेक्ट्रिकल र प्लम्बिङ्ग तालिम सञ्चालन गरिनेछ ।

५२. **सीपयुक्त महिला, आत्मनिर्भर महिला** कार्यक्रम मार्फत महिला उद्यमशीलता प्रवर्धन गर्न महिलालाई हेभि ईक्युपमेण्ट र मोटरसाइकल मेकानिक तालिममा सहभागी गराउन प्रवर्धन गर्न आवश्यक प्रबन्ध गरेको छु ।

५३. अपाङ्ग तथा जेष्ठ नागरिक परिचयपत्रलाई सफ्टवेयर प्रणालीबाट वितरण गरी व्यवस्थित र प्रभावकारी बनाउन आवश्यक बजेट व्यस्थापन गरेको छु ।

५४. अपाङ्ग नगरवासीको जीवनयापनलाई सहज बनाउन मागका आधारमा अपाङ्गता सहायक सामाग्री वितरण गर्न रु. १,५०,०००।- (एक लाख पचास हजार) बजेट विनियोजन गरेको छु ।

५५. हिंसाबाट पीडित महिला र अनाथ तथा जोखिममा रहेका बालबालिकाहरुको आवश्यक व्यवस्थापन गर्न लैङ्गिक हिंसा निवारण तथा सामाजिक सुरक्षा कोषमा कोष वृद्धिका लागि रु. १,००,०००।- (एक लाख) बजेट प्रस्ताव गरेको छु ।

५६. ज्येष्ठ नागरिक मिलन केन्द्र व्यवस्थापन तथा अन्तरपुस्ता संवाद कार्यक्रमका लागि रु. ३ लाख बजेट प्रस्ताव गरेको छु ।

**<u>अन्य सामाजिक क्षेत्र :</u>**

५७. कामका लागि पारिश्रमिक कार्यक्रममा युवाहरुलाई समावेश गरी कम्तिमा १३३ जनालाई रोजगारी र युवालाई सीप विकास तालिम समेत सञ्चालन गर्न रु. ७२,९९,०००।- (बहत्तर लाख उनान्सय हजार) बजेट विनियोजन गरेको छु ।

५८. सुरक्षित विपन्न आवास कार्यक्रमलाई निरन्तरता दिँदै प्रति घर प्रति परिवार रु. १,५०,०००।- (एक लाख पचास हजार) का दरले प्रदेशसँग साझेदारी गर्ने गरी १,००,५०,०००।- एक करोड पचास हजार बजेट प्रस्ताव गरेको छु । यसबाट ६७ वटा सुरक्षित घरहरु निर्माण हुनेछन् ।

५९. थप दुई स्थानमा शवदाह गृह निर्माण गर्न रु. २०,००,०००।- (बीस लाख) बजेट विनियोजन गरेको छु ।

६०. लक्षित वर्ग उत्थान कार्यक्रम वडाहरुमार्फत सञ्चालन गर्ने गरी बजेट प्रस्ताव गरेको छु ।

६१. भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोवासीको लामो समयदेखि रहेको बसोबास व्यवस्थापनको समस्या यसै आर्थिक वर्षमा सम्पन्न गर्ने गरी आवश्यक जनशक्ति तथा सामाग्री व्यवस्थापनका लागि बजेटको व्यवस्था गरेको छु ।

**<u>खानेपानी, सरसफाई तथा विपद् व्यवस्थापन :</u>**

६२. नदीजन्य पदार्थ उत्खनन् तथा ओसारपसारबाट प्रत्यक्ष प्रभावित बस्तीहरुमा पूर्वाधार विकास तथा सामाजिक विकासका कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

६३. फोहरलाई वर्गीकरण समेत गर्ने गरी खानेपानी, सरसफाई तथा डम्पिङ्ग साईट व्यवस्थापनका लागि रु. ३०,००,०००।- (तीस लाख रुपैयाँ) बजेट विनियोजन गरिएको छ । फोहरको दीर्घकालीन समाधानका लागि सङ्घीय सरकारसँग समन्वय गरी ऊर्जा र कम्पोष्ट मल प्रवर्धन गर्न आवश्यक समन्वय तथा सहकार्य गरिनेछ ।

६४. एक घर एक धारा अभियानलाई वास योजना सहित कार्यान्वयन गरी स्वच्छ पानी पिउन पाउने नगरवासीको अधिकारलाई सुनिश्चित गर्न निर्माणाधीन खानेपानी आयोजनाहरुको निरन्तरता, खानेपानीको पाइपलाइन विस्तार तथा पुराना आयोजनाहरुको स्तर वृद्धि गर्न बजेट विनियोजन गरिएको छ साथै प्रदेश तथा सङ्घीय सरकारसँग आवश्यक समन्वय र सहकार्य समेत गरिनेछ । प्रदेश सरकारसँगको समन्वयमा तपसिल बमोजिमका खानेपानी आयोजनाहरु सञ्चालन गरिनेछ ।

| | |
|---|---|
| (क) खोदाउ सिंहबाहिनी विपन्न बस्तिमा खानेपानी (वडा नं. १) | रु. ७ लाख |
| (ख) शाहीपुर खानेपानी आयोजना (वडा नं. ५) | रु. ३५ लाख |
| (ग) वडा नं. ३ र ४ मा खानेपानी आयोजना | रु. १५ लाख |
| (घ) बगनाहा खानेपानी आयोजना (वडा नं.३) | रु. ३५ लाख २५ हजार |
| (ङ) ठाकुरद्वारा खानेपानी आयोजना (वडा नं. ९) | रु. ३२ लाख ९० हजार |
| (च) कर्मला खानेपानी आयोजना (वडा नं. २) | रु. ९ लाख ४० हजार |

६५. नगपालिकास्तरीय विपद् पूर्व सूचना केन्द्र स्थापना तथा विपत उद्धार सामग्री व्यवस्थापन र समितिको कार्यलाई गतिशील बनाउन रु. १०,००,०००।- (दस लाख) विनियोजन गरेको छु ।

६६. आवश्यक स्वास्थ्य सामग्रीको व्यवस्थासहित विपद्बाट आम नागरिकको सुरक्षा एवं राहत समेतका लागि विपद् व्यवस्थापन कोषमा रु. १,४०,००,०००।- एक करोड चालिस लाख बजेट विनियोजन गरेको छु । हाल उपलब्ध हुँदै आएको राहतमा कार्यविधि संशोधन गरेर परिमार्जन गर्न प्रस्ताव गरेको छु ।

६७. खानेपानीको गुणस्तर परीक्षणलाई नियमित रुपमा सञ्चालन गर्न तथा खानेपानी तथा सरसफाई कार्यक्रम सञ्चालन गर्न रु. २,००,०००।- (दुई लाख पचास हजार) बजेट विनियोजन गरेको छु ।

६८. उज्यालो नगर अभियान अन्तर्गत सडक बत्ती तथा निकुञ्जसँग सिमाना जोडिएका बस्तिमा रात्री समयमा हुने जङ्गली जनावरको आवतजावतलाई न्यूनीकरण गर्न बत्ती जडानका लागि रु. १५,००,०००।- (पन्ध्र लाख) बजेट प्रस्ताव गरिएको छ । दाउराको विकल्पमा वैकल्पिक उर्जा विकासका लागि रु. ८,००,०००।- (आठ लाख) बजेट विनियोजन गरिएको छ ।

६९. हरित नगरको अभियानलाई पुरा गर्न सडक किनारामा वृक्षारोपण कार्यका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

**कृषि, पशुपंक्षी तथा मस्त्य विकास :**

७०. बीउ धान उत्पादन गरी नगरपालिकालाई बीउ धानमा आत्मनिर्भर बनाउने कार्यक्रमको सफलतालाई कायम गदै निर्यात गर्ने गरी रु. ९ लाख बजेट विनियोजन गरेको छु । यसबाट ९० बिगाहा जमिनमा धानको बीउ उत्पादन हुनेछ ।

७१. गहुँ, तोरी र मुसुरोको बीउ प्रवर्धन गरी स्रोत बीउको विकास गर्न रु. ३ लाख बजेट विनियोजन गरेको छु । यसबाट १५ बिगाहा जमिनमा गहुँ, मुसुरो र तोरीको बीउ उत्पादन हुने अपेक्षा गरिएको छ ।

७२. करेसाबारी प्रवर्धन गर्न एकघर एक करेसाबारी तथा घरबारी करेसाबारी कार्यक्रमलाई कार्यान्वयन गर्न २,५०,०००।- (दुई लाख पचास हजार) बजेट विनियोजन गरेको छु ।

७३. बाली बीमाका लागि सचेतीकरण, कृषकका लागि व्यवसायिक तथा पेशागत क्षमता विकास, स्थलगत घुम्तिबाली तथा सिजन विशेष स्थलगत तालिम र असल अभ्यासको अनुसरण समेत गर्ने प्रयोजनका लागि बजेटको व्यवस्था गरेको छु ।

७४. उत्कृष्ट कृषक, समूह, उद्यमी तथा प्राविधिकलाई सम्मान तथा पुरस्कृत गर्न र कृषक पाठशालाबाट नियमित सिकाई गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

७५. अर्गानिक तरकारी उत्पादन गर्ने कार्यमा कृषकलाई प्रोत्सहित गर्न किसानसँग नगर प्रमुख र उपप्रमुख कार्यक्रम सञ्चालन गर्ने गरी आवश्यक बजेटको व्यवस्था गरेको छु ।

७६. बेमौसमी तरकारी तथा मसलाबाली उत्पादन गरी कृषकको आयमा वृद्धि गर्न उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रमका लागि रु. २,५०,०००।- (दुई लाख पचास हजार) बजेट विनियोजन गरेको छु ।

७७. कृषिमा आधुनिक औजारको प्रयोग, सुख्खाग्रस्त क्षेत्रमा साना सिँचाई आयोजना, कृषि बीमा, कृषि उत्पादन र बजारीकरण तथा प्रतिफलमा आधारित अनुदानको लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

७८. तरकारी सङ्कलन केन्द्रलाई थप व्यवस्थित गर्न र सङ्कलन केन्द्र निर्माण गरी सञ्चालन गर्न बजेटको व्यवस्था गरिएको छ ।

७९. कृषकको लागत घटाई उत्पादन वृद्धि गर्न कृषि औजार तथा उपकरणहरु अनुदानमा उपलब्ध गराउन आवश्यक बजेटको व्यवस्था गरेको छु ।

८०. कृषकहरुको सूचीकरण गरी सोका आधारमा सेवा उपलब्ध गराउन तथा कृषि क्षेत्रका सवै विवरणहरु एकीकृत सूचना प्रणालीमा अद्यावधिक गर्न आवश्यक बजेट विनियोजन गरिएको छ ।

८१. प्रदेश सरकारको बर्दिया जिल्लालाई बंगुर पकेट क्षेत्रको रुपमा विकास गर्ने नीति रहेको साथै यस नगरपालिकामा समेत बंगुरको सम्भाव्यता उच्च रहेकोले बंगुर प्रवर्धन कार्यक्रमलाई निरन्तरता दिने गरी बजेट विनियोजन गरिएको छ ।

८२. यस नगरपालिकाबाट उल्लेख्य सङ्ख्यामा खसीबोका निर्यात भइरहेको सन्दर्भमा बाखा स्मार्ट कार्यक्रमलाई थप विस्तार र विकास गर्न विभिन्न निकायसँग समन्वय र सहकार्य गरी ठाकुरबाबा नगरपालिकालाई बाखा पकेट क्षेत्रको रुपमा पहिचान हुने गरी समन्वय र सहकार्य गरिनुको साथै आवश्यक बजेट विनियोजन गरिएको छ । प्रदेश सरकारको समन्वयमा ठाकुरद्वारा क्षेत्रलाई बाखा ब्लक क्षेत्रको रुपमा विकास गरिनेछ ।

८३. पशुधनको नोक्सानीबाट कृषकले व्यहोर्न पर्ने आर्थिक क्षतीलाई रोक्न पशु बीमाका लागि आवश्यक बजेट विनियोजन गरिनुका साथै एक वडा एक कृषि तथा पशु सेवा प्राविधिकलाई **घर दैलोमा नै प्राविधिकको सेवा, कृषि उत्पादनमा टेवा** भन्ने नारासहित औषधोपचार सेवा दिने गरी बजेट विनियोजन गरिएको छ ।

८४. पशुजन्य उत्पादनको बिक्रीवितरण तथा बजारीकरणमा सहयोग गर्न पशु बिक्री केन्द्र तथा दूग्ध सङ्कलन केन्द्र सञ्चालन र दूग्धजन्य पदार्थको विविधिकरणका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

८५. साना माछा पालक किसानलाई माछाको भुरा सहयोग गर्न रु. २,५०,०००।- (दुई लाख पचास हजार) बजेट विनियोजन गरेको छु ।

८६. उत्पादन वृद्धि गरी कृषकको आय बढाउनका लागि सुत्केरी गाई भैंसी पोषण कार्यक्रमलाई निरन्तरता दिन रु. ४,९०,०००।- (चार लाख नब्बे हजार) बजेट प्रस्ताव गरेको छु ।

८७. कृषकको क्षमता विकास गर्न तथा स्वरोजगार र उद्यमशिलता विकास गर्न आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

८८. पशुपंक्षी जन्य रोगहरुबाट पशुधनको सुरक्षा गर्न, पशुमा हुने बाँझोपनको निवारण तथा कृतिम गर्भाधान कार्यक्रम सञ्चालन समेतका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

**<u>लघु उद्यम, सहकारी तथा पर्यटन विकास :</u>**

८९. लघु उद्यम विकास र महिलामा नयाँ लघु उद्यम सिर्जना गर्न रु. २९,००,०००।- (उनन्तीस लाख) बजेट व्यवस्था गरेको छु।

९०. **कर तिर्नु मैरै लागि हो, करले रोजगार सृजना र आर्थिक वृद्धि गर्छ** भन्ने भावना विकास गरी **रहरले कर तिर्ने** बानीको विकास गर्न उद्योग वाणिज्य संघ समेतको सहभागितामा अभिमुखीकरण तालिम सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।

९१. बजार क्षेत्रमा थप सि. सि. क्यामरा जडान गर्न र भएका क्यामराहरुको मर्मत सुधार गर्न रु ४ लाख बजेट विनियोजन गरिएको छ। यस कार्यमा प्रदेश सरकारसँग समेत समन्वय गरिनेछ।

९२. सहकारी संस्थाहरु मार्फत लगानी गरी रोजगार सिर्जना गर्न सञ्चालित स्वरोजगार कोषलाई वृद्धि गर्न थप रु. १० लाख प्रस्ताव गरेको छु।

९३. सहकारीहरुको क्षमता विकास गर्न विभिन्न विषयगत तालिम सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।

९४ समग्र सहकारी प्रवर्धनका लागि रु. १५ लाख बजेट प्रस्ताव गरेको छु।

९५. यस नगरपालिकाको मुख्य सम्भाव्य क्षेत्रको रुपमा रहेको पर्यटन प्रवर्धन कार्यक्रमका लागि रु. १७,९०,०००।- (सत्र लाख नब्बे हजार) बजेट प्रस्ताव गरिएको छ। **नेपाली किनौं नेपाल बनाऔं** अभियान अन्तर्गत चालु कोषमार्फत मुख्य पर्यटकीय क्षेत्रमा कोसेली घर सञ्चालनका लागि प्रोत्साहित गर्न आवश्यक संयन्त्र तयार गरिएको छ।

९६. बर्दिया राष्ट्रिय निकुञ्जको प्रवेशस्थल विशेषतः आम्बासा, रानीपुर र भुरिगाउँमा पहिचानका लागि सूचनामूलक सङ्केत तथा नक्सा राख्न आवश्यक बजेट व्यवस्था गरेको छु।

९७. पर्यटन प्रवर्धन गर्न विभिन्न प्रचारसामग्री, सांस्कृतिक तथा खाना महोत्सव, भिजिट बर्दिया प्रमोसनल भिडियो तयार गर्ने जस्ता कार्यक्रम र गतिविधि गर्न आवश्यक बजेट विनियोजन गरिएको छ।

९८. ब्रिन्द्रापुरीमा होमस्टे सञ्चालन गर्न र बर्गदा तथा डुम्रेनी गाउँलाई बहुसांस्कृतिक होमस्टेको रुपमा विकास गर्न सहजिकरणका लागि रु. २,००,०००।- (दुई लाख) बजेट विनियोजन गरिएको छ।

**<u>पूर्वाधार विकास :</u>**

९९. निर्माणाधीन वडा कार्यालय तथा थप विस्तार गर्नु पर्ने वडा कार्यालय भवन तथा सङ्घीय र प्रदेश सरकारबाट म्याचिङ्ग गरी सञ्चालन गर्नुपर्ने आयोजनाहरु सञ्चालन सहित वडा गौरवको रुपमा अघिल्लो वर्षबाटै शुरु गरिएका बहुवर्षे योजना समयमा नै सम्पन्न गर्ने र नयाँ आयोजना समेत कार्यान्वयन गर्न समग्र पूर्वाधार विकासमा रु. २९,२३,२१,३५५।- (उन्तीस करोड तेईस लाख एक्काईस हजार तीन सय पचपन्न) रुपैयाँ बजेट विनियोजन गरेको छु।

१००. हरेक वडामा एउटा १ करोड बराबरको योजना गरी कुल ९ करोडको लागतमा ९ वटा गौरवका आयोजनाहरु सञ्चालन गरिने छन्।

(क) क्याम्पस रोड, सिंहबाहिनी, खोदाउ सत्घरुवा हुँदै नेउलापुर जोडने बाटो कालोपत्रे (वडा नं. १)

(ख) रेलवेय सडक कर्मला खोला वडा कार्यालय हुँदै सत्घरुवा ज्ञानोदय प्रा. वि. कन्चनपुर पिपल चौतारासम्मको बाटो कालोपत्रे (वडा नं. २)

(ग) मिर्चैया देखि नेउलापुर शिव मन्दिरसम्मको बाटो कालोपत्रे (वडा नं. ३)

(घ) मानपुरको सिमाना देखि बीचपुरको आरामिल सम्मको बाटो कालोपत्रे (वडा नं. ४)

(ङ) बनकट्टि सिसौरा सामुदायिक भवन देखि तकिया हुँदै गोविन्दपुर जाने बाटो कालोपत्रे (वडा नं. ५)

(च) बकुवा अशोक वि. क. को घरदेखि चाक्लिघाट सम्मको बाटो कालोपत्रे (वडा नं. ६)

(छ) कानपुर खेलमैदान देखि सुन्दरपुर हुँदै शिवसुन्दरसम्मको बाटो कालोपत्रे (वडा नं. ७)

(ज) मढेला पुष्करको घर देखि गोब्रेला-चिट्कैया-वडा कार्यालय हुँदै सुखाड ओराहीसम्मको सडक कालोपत्रे (वडा नं. ८)

(झ) कल्याणपुर चोकदेखि वडा कार्यालय हुँदै ज्ञानोदय चोक जोड्ने बाटो स्तरोन्नती (वडा नं. ९)

**तपसिलका चालु वहुवर्षीय आयोजनाहरु यस आ. व. भित्रै सम्पन्न गर्ने गरी निम्नानुसारको बजेट प्रस्ताव गरेको छु।**

(क) भुरिगाउँ बजार देखि डुम्रेनी सडक निर्माण रु. १,३१,४७,१८०।-
एक करोड एकतिस लाख सतत्चालिस हजार एक सय असी

(ख) बदबुरुवा खोला (सत्घरुवा-रानीपुर) पक्की पुल निर्माण रु. १,०१,८३,४६०।-
एक करोड एक लाख त्रियासी हजार चार सय साठी

(ग) गिदरपुर-मिर्चैया-नेउलापुर-मानपुर सडक निर्माण रु. २,२३,५३,७०१।-
दुई करोड तेईस लाख त्रिपन्न हजार सात सय एक

(घ) खैलार सडक (वडा नं. ४) रु. ४१,५४,३२०।-
एकचालिस लाख चवन्न हजार तीन सय बीस

(ङ) बनकट्टि-तकिया सडक निर्माण रु. १,००,७४,६४५।-
एक करोड चौहत्तर हजार छ सय पैंतालिस

(च) मोतिपुर-बकुवा सडक निर्माण रु. १,२५,७१,६१७।-
एक करोड पच्चिस लाख एकहत्तर हजार छ सय सत्र

(छ) मोहनपुर–सुन्दरपुर–कालिगौडी सडक निर्माण रु. १,३९,२७,४१७।-
एक करोड उन्चालिस लाख सत्ताईस हजार चार सय सत्र

(ज) सुतैयामा २ वटा बक्स कल्भर्ट निर्माण रु. ६०,२०,४७४।-
साठी लाख बीस हजार चार सय चौहत्तर

(झ) ठाकुरद्वारा–हात्तीसार सडक निर्माण रु. १,५१,१०,४३९।-
एक करोड एकाउन्न लाख दस हजार चार सय उन्चालीस

(ञ) जोड कोष रु. ५,१२,५१,३२०।-
पाँच करोड बाह्र लाख एकाउन्न हजार तीन सय बीस

(ट) नगरपालिकाको बाहय वातावरण सुधार रु. ६०,००,०००।- साठी लाख

(ठ) वडा कार्यालय निर्माण वडा नं. ९ रु. ५८,६७,६७४।- अन्ठाउन्न लाख सतसठ्ठि हजार छ सय चौहत्तर

(ड) नदीजन्य जोखिम न्यूनीकरण कार्य (वडा नं. ५ मा १२ लाख र ४ मा ८ लाख) रु. २०,००,०००।- बीस लाख

(ढ) पूर्वाधार संरचना मर्मत रु. ५०,००,०००।- पचास लाख

(ण) रामदास मार्ग बाँकी भाग सडक सतरोन्नती रु. १६,५०,००० ।- सोन्ह लाख पचास हजार

(त) नेउलापुर मिर्चैया बक्स कल्भर्ट रु. ३८,६२,५७०।- अठतिस लाख बैसठ्ठि हजार पाँच सय सत्तरी

(थ) चाक्लिघाट बक्स कल्भर्ट रु. ४९,००,०००।- उन्चास लाख

(द) वडा कार्यालय भवन निर्माण वडा नं. ८ रु. ५७,०८,४३०।- सन्ताउन्न लाख आठ हजार चार सय तीस

(ध) बवई शिशुमन्दिर मा. वि. भवन निर्माण रु. ८०,७६,०९१।- असी लाख छयहत्तर हजार एकानब्बे

(न) ने.रा.मा.वि. ठाकुरद्धारा विद्यालय भवन रु. १,१७,३०,८७७ ।-
एक करोड सत्र लाख तीस हजार आड सय सतहत्तर

(प) बन्तरीया बक्स कल्भर्ट निर्माण वडा नं. ९ रु. ६५,४०,३८०।- पैसठ्ठि लाख चालिस हजार तीन सय असी

(फ) शिवसुन्दर मा. वि. शिवसुन्दरपुर भवन निर्माण रु. ९२,९४,५५९।- बयानब्बे लाख चौरानब्बे हजार पाँच उन्साठी

(ब) हिमालय मा. वि. मिर्चैया विद्यालय भवन निर्माण रु. ९,४१,२२६।- नौ लाख एकचालिस हजार दुई सय छब्बिस

(भ) सरस्वति मा. वि. नेउलापुर भवन निर्माण रु. २१,८५,५५९।- एक्काईस लाख पचासी हजार पाँच सय उन्साठी

**<u>नयाँ आयोजनाहरु :</u>**

(क) शितभण्डार निर्माण रु. १,००,००,०००।- एक करोड

(ख) जगदम्बा मा. वि. मढेला विद्यालय भवन निर्माण रु. १,००,००,०००।- एक करोड

(ग) वडा कार्यालयहरुको कम्पाउण्ड वाल निर्माण रु. १,००,००,०००।- एक करोड

(घ) वडा नं. १ र ६ को वडा कार्यालय भवनमा थप संरचना निर्माण रु. ८०,००,०००।- असी लाख

(ङ) निकुञ्ज गेट देखि बल बहादुर नेपालीको घरसम्म बाटो कालोपत्रे रु. १,००,००,०००।- एक करोड

(च) विभिन्न आयोजनाका लागि डि.पि.आर. तथा आई.ई.ई. गर्न रु. ३०,००,०००।- तीस लाख

(छ) कृषि यान्त्रिकीकरण रु. १५,००,०००।- पन्ध्र लाख

(ज) विपन्न आवास कार्यक्रम रु. १,००,५०,००० ।- एक करोड पचास हजार

(झ) विभिन्न आयोजनाहरुको स्टीमेटका आधारमा कार्यान्वयन गर्ने गरी रु. १,००,००,००० ।- एक करोड

- सैनवार देखि डुम्रेनी हुँदै पानी ट्याङ्की सम्मको बाटो
- ज्येष्ठ नागरिक चौतारी भवन भुरिगाउँ वडा नं. १
- ज्येष्ठ नागरिक भवनमा तारजाली वडा नं. २
- कर्मला कुलो बाँध वडा नं. २
- कर्मला टोल बाटो स्तरोन्नती वडा नं. ७
- तलबेलुवा खोला तटबन्धन वडा नं. १
- बाइजुराज मन्दिर वडा नं. ५
- कृष्ण प्रणामी मन्दिर वडा नं. ९
- वडा नं. ३, ५ र ८ मा रहेका ऐतिहासिक रुखहरुको संरक्षण तथा चौतारी निर्माण

१००. उल्लेखित रकमबाट सञ्चालित आयोजनाको भुक्तानीबाट घट्ने तथा नयाँ ठेक्का हुँदा वडा गौरवका आयोजना तथा नयाँ आयोजनाहरुको लागत घटबढ हुन सक्ने भएकोले पछि समायोजन गर्न जोडकोषमा रु. ५,१२,५१,३२०।- (पाँच करोड बाह्र लाख एकाउन्न हजार तीन सय बीस) बजेट विनियोजन गरिएको छ ।

१०१. तराई मधेश सम्वृद्धि कार्यक्रमका लागि रु. ३०,००,०००।- तीस लाख बजेट विनियोजन गरिएको छ । जसबाट बनविरपुर हुँदै गोविन्दपुर होमस्टे जोड्ने बाटोलाई क्रमशः कालोपत्रे गर्दै लगिनेछ ।

१०२. वडाहरुलाई कार्यक्रम छनौट गरी कार्यान्वयन गर्न रु. ५,२४,९८,८००।- (पाँच करोड चौबीस लाख अन्ठानब्बे हजार आठ सय) बजेट विनियोजन गरेको छु ।

१०३. नगरको मुख्य आयोजना र सम्भाव्य क्षेत्रहरुको डिपिआर तथा आईईई तयार पारी भौतिक निर्माणको कार्य अगाडि बढाउन र योजना बैङ्क तयार गरी सङ्घीय तथा प्रदेश सरकारसँग माग गर्न सहजताको आवश्यकता महसुस गरी सोका लागि रु ३० लाख बजेट विनियोजन गरेको छु ।

१०४. यस बर्ष कार्य शुरु भएको ट्रष्ट पुललाई सम्पन्न गरी थप ३ स्थानमा निर्माण कार्य सञ्चालन गर्ने गरी आबश्यक बजेट प्रस्ताव गरेको छु ।

१०५. प्रदेश सशर्त कार्यक्रमबाट तपशिलका आयोजनाहरु सञ्चालन गरिने छ । जसका लागि निम्नानुसार बजेट विनियोजन गरिएको छ ।

- शहिद प्रतिष्ठान भवन निर्माण वडा नं.१ रु ३०,००,०००/ तिस लाख
- बरदबुरुवा खोला तटबन्धन वडा नं.१ रु २०,००,०००/ बिस लाख
- सिसौरा टोल शाहीपुर बन्यजन्तु छेकवार मेसजाली वडा नं ५ रु १२,००,००० / बाऱ्ह लाख
- ज्ञानोदय बाटो स्तरोन्नती वडा नं.९ रु १५,००,००० / पन्ध्र लाख
- पदम बुढाको घरजाने बाटोमा बाटोमा पर्ने खैरनी कुलोमा पक्कि कल्भर्ट तथा बाटो स्तरोन्नति वडा नं.९ रु २०,००,०००/ बीस लाख
- सुखाड भुटकैया जोडने कल्भर्ट वडा नं.८ रु १३,००,०००/ तेऱ्ह लाख

**१०६. प्रदेश सरकारसँगको समन्वयमा तपशिलका आयोजनाहरु सञ्चालन गरिने छ ।**

- मढेला मोहनपुर वठनपुर सडक स्तरोन्नती रु ५०,००,०००। पचास लाख
- भुरिगाउँ बजार बस्ति विकास पूर्वाधार निर्माण रु ४०,००,०००। चालिस लाख
- ठाकुरद्धारा सांस्कृतिक डवली निर्माण रु ४०,००,०००। चालिस लाख
- शहिद स्मृति भवन पर्खाल निर्माण वडा नं.१ रु १०,००,०००। दश लाख
- शारदा आ.वि. पर्खाल निर्माण वडा नं.५ रु ५,००,०००। पाँच लाख
- शारदा आ.वि. सहयोग वडा नं. ५ रु १०,००,०००। दश लाख
- वर्गदामा योग भवन निर्माण वडा नं.४ रु १०,००,०००। दश लाख

- शाहीपुर यात्रु प्रतिक्षालय निर्माण वडा नं.५ रु ७,००,०००। सात लाख
- शान्तिभूमि युवाक्लव खेल मैदान निर्माण वडा नं.५ रु ९,००,०००। नौ लाख
- गिठेनाला सिंचाई आयोजना रु १,२५,००,०००। एक करोड पच्चिस लाख
- कालिगौडी सिंचाई आयोजना रु २०,००,०००। वीस लाख
- कालिगौडी डिप ट्युवेल शिवपुर रु ४०,००,०००। चलिस लाख
- नेउलापुर डिप ट्युवेल वडा नं.३ रु १०,००,०००। दश लाख
- आम्बासा खोला नियन्त्रण वलासी वडा नं.२ रु ५०,००,०००। पचास लाख
- कालिगौडी सिंचाई कुलो लाईनिङ्ग वडा नं.७ रु ६,००,०००। छ लाख
- चिटकैया खुखाड मुहान बाध निर्माण वडा नं. ८ रु ६,००,०००। छ लाख
- वदवुरुवा सिंचाई आयोजना रु ४०,००,०००। चालिस लाख
- मोहनपुर मढेला सिंचाइ आयोजना रु १०,००,०००। दश लाख
- आम्बासा खोला सुजनपुरमा तटबन्धन निर्माण वडा नं. २ रु २५,००,०००। पच्चिस लाख
- हाट वजार टहरा निर्माण वडा नं.५ रु ५,००,०००। पाँच लाख
- इलाका प्रहरि कार्यालय भुरिगाउँ भवन निर्माण रु १,००,००,०००। एक करोड
- अछामी टोल वर्गदा सडक कालोपत्रे वडा नं.४ रु १०,००,०००। दश लाख
- नेउलापुर देखि तिनघरुवा जाने सडक स्तरोन्नती वडा नं.२ रु २०,००,०००। विस लाख
- भुरिगाउँ नेउलापुर गोदाना पर्यटन मार्ग रु १,००,००,०००। एक करोड
- मिर्चैया नेउलापुर जोडने जम्ती नालामा पक्कि कल्भर्ट रु २०,००,०००। विस लाख
- बलाती चोक खानेपानी सडक ग्राभेल वडा नं.२ रु ७,००,०००। सात लाख
- बखतपुर झरसलुवा वाटो ग्राभेल रु ७,००,०००। सात लाख
- भुरिगाउँ कञ्चनपुर ठाकुरद्धारा टिकापुर सडक रु १२,३५,०००। बाऱ्ह लाख पैंतिस लाख
- नेउलापुर जम्ति पुल देखि सोनवर्षा सामुदायीक वन किनार पर्ना थारुको घर हुँदै वनखेत फाँटासम्म सडक ग्राभेल तथा कल्भर्ट निर्माण वडा नं.३ रु १०,००,०००। दश लाख
- ठाकुरद्धारा आम्बासा सडक रु १४,५०,०००। चौध लाख पचास हजार

**संघीय सरकार मार्फत प्रस्ताव गरिएका तपशिलका कार्यक्रमहरु समन्वय र सहकार्य गरी सञ्चालन गरिने छ।**

- ओरही नदी सडकपुल नेउलापुर शिपुर जोडने पूर्व पश्चिम राजमार्ग देखि ठाकुरद्धारा जोडने रानीपुर प्रतापपुर कालिगौडी विच रु १,००,००,०००। एक करोड
- आम्बासा पुल सूर्यपटुवा जैविक मार्ग रु ५०,००,०००। पचास लाख
- ओराही नदीमा पुल आम्वासा ठाकुरद्धारा सडक खण्डमा पर्ने रु ३०,००,०००। तीस लाख
- औराही नदी ठाकुरद्धारा सडक रु ३०,००,०००। तीस लाख
- मुर्तिया गुलरिया भुरिगाउँ तेलपानी माथिल्लो डुंगेश्वर मार्गको भुरिगाउँ तेलपानी सडक खण्ड रु २,००,००,०००। दुई करोड
- कोठिया ठाकुरद्धारा अम्रेनी सडक रु २४,००,०००। चौविस लाख
- विछिया नाका आमा बर्दिया धनौरा ओराली वजार अम्मरपुर डल्ला ठाकुरद्धारा आम्बासा सडक रु २४,००,०००। चौविस लाख
- आम्बासा मढेला सडक रु २४,००,०००। चौविस लाख
- भुरिगाउँ कञ्चनपुर ठाकुरद्धारा टिकापुर सडक रु २४,००,०००। चौविस लाख
- बकुवा चोक देखि भट्टिसम्मको सडक कालोपत्र वडा नं.६ रु २४,००,०००। चौविस लाख
- चन्दनपुरघाट वडा नं.५ पुल निर्माण वडा नं.५ रु १३,८०,०००। तेऱ्ह लाख असि हजार

**सुशासन तथा संस्थागत विकास**

१०७.**समुन्नत ठाकुरबाबा : सबल नगरवासी** हाम्रो ५ वर्षे कार्यकालको प्रमुख आधार रहेकोले सोलाई मुर्तरुपमा कार्यान्वयन गर्न ५ वर्षे आवधिक योजना निर्माणका लागि आवश्यक बजेट प्रस्ताव गरेको छु। यसबाट प्राथमिता प्राप्त आयोजनामा लागानी सुनिश्चित हुने र योजना बैंक समेत तयार भई सम विकास र एकद्धार प्रणालीबाट कार्यक्रम तथा योजना कार्यान्वयन हुने अपेक्षा गरिएको छ।

१०८. नगरको समग्र विवरणलाई डिजिलाईजेशन गरी आवश्यक सबै विवरणहरु अद्यावधिक गर्न डिजिटल वडा तथा नगर प्रोफाईल तयार गरिने छ। यसका लागि रु १५ लाख बजेट विनियोजन गरिएको छ।

१०९.मध्यकालीन खर्च संरचना तयार पारी आय र व्ययको सन्तुलन अनुमालाई बस्तुनिष्ट बनाउन रु ५ लाख बजेट प्रस्ताव गरेको छु।

११०.नागरवासीसँग जनप्रतिनिधि, रेडियो तथा टेलिभिजन प्रशारण, डिजिटल नागरिक वडापत्र, सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गरी गुनासो सुन्ने, भए गरेको कार्यको प्रचार प्रसार गर्ने तथा पारदर्शिता कायम गर्ने कार्यमा आवश्यक वजेट विनियोजन गरिएको छ।

१११.राजश्व सुधार गरी लक्ष्य अनुसारको राजश्व संकलन तथा अनलाईन विलिङ्ग प्रणालीलाई थप ब्यवस्थित र स्रोत साधन युक्त बनाउन रु ८ लाख बजेट प्रस्ताव गरेको छु।

११२.नगरपालिकामा हेल्पडेक्सको ब्यबस्थापनका लागि आबश्यक व्यवस्था गरेको छु।

११३. न्यायीक समिति तथा नगरपालिकाको सेवालाई प्रभावकारी, सहज, सुलभ र सबैको पहुँचमा पुर्याउनका लागि हटलाइन टेलिफोन सेवाको प्रबन्ध गर्न बजेट विनियोजन गरिएको छ।

११४. कार्यालयसँग रहेका हेभि ईक्युपमेन्ट सञ्चालन तथा प्रहरी साझेदारी कार्यक्रम सञ्चालन गर्न छुट्टै कोषको व्यवस्थापन गरी आवश्यक बजेटको व्यवस्था गरेको छु।

११५. नगरको मुख्य आयोजना र सम्भाव्य क्षेत्रहरुको डिपिआर तथा आईईई तयार पारी भौतिक निर्माणको कार्य अगाडि बढाउन र योजना बैङ्क तयार गरी सङ्घीय तथा प्रदेश सरकारसँग माग गर्न सहजताको आवश्यकता महसुस गरी सोका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

११६. टोल विकास संस्थाको गठन, क्षमता अभिवृद्धि तथा परिचालनका लागि आवश्यक प्रबन्ध गरिएको छ। टोल विकास संस्थाको माध्यमबाट तोकिएको मापदण्डका विकास निर्माणको कार्य, सरसफाई तथा बृक्षरोपण समेत गराउने गरी क्षमता विकास तथा सहयोगमा रु ५ लाख वजेट विनियोजन गरिएको छ।

११७. जनप्रतिनिधि तथा कर्मचारीको कार्यकुलता वृद्धि गरी दक्षता हासिल क्षमता विकास गर्न रु ७ लाख बजेट प्रस्ताव गरेको छु

११८. वडा कार्यालय र विद्यालयको समेत ई हाजिरी जडान गर्न आवश्यक बजेट विनियोजन गरिएको छ।

११९.सवै वडा कार्यालयमा कम्तिमा १ वडा मोटरसाईकिलको ब्वयस्थापन गर्ने गरी आबश्यक सवारी साधन खरिदका लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

१२०. प्रशासनिक तर्फ रु. ११,५३,७४,२००।- एघार करोड त्रिपन्न लाख चौहत्तर हजार दुई सय चौहत्तर रुपैयाँ प्रस्ताव गरिएको छ। न्यायीक समितिका लागि रु. ३७,००,०००।- (सैँतीस लाख उन्नाईस हजार छ सय) बजेट प्रस्ताव गरिएको छ।

१२१. आगामी आर्थिक वर्षमा यस नगरपालिकामा विभिन्न अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी संघसंस्थाहरु मार्फत रु. ३,००,२७,०९७ (तीन करोड सत्ताइस हजार सन्तानब्बे) रुपैयाँ बराबरको कार्यक्रम प्रस्ताव भएको छ।

- गेरुवा ग्रामिण जागरण संघ रु ९४,८७,७७१। चौरानब्बे लाख सतासी हजार सात सय एकहत्तर
- थारु महिला उत्थान केन्द्र रु १८,१३,८२५। अठार लाख तेन्ह हजार आठसय पच्चिस
- भेरि वतावारणीय विशिष्टता समूह बी ग्रुप रु ३१,४८,२१९। एक तिस लाख अठचालिस हजार दुई सय उन्नाईस
- सामाजिक सचेतन सरोकार मञ्च रु २९,१७,०६२। उन्तिस लाख सत्र हजार बैसठ्ठि
- बाँके युनेस्को क्लव रु १,१७,१९,२००। एक करोड सत्र लाख उन्नाई हजार दुई सय

१२२. राजश्वका प्रस्तावित दरहरु, क्षेत्रगत बजेट विनियोजनको विस्तृत विवरण र बजेट बाँडफाँट अनुसूचीमा समावेश गरेको छु।

१२३. उच्च मनोबल, स्वत:स्फूर्त कार्यव्यवहार र सकारात्मक धारणासहितको मानव संसाधन उत्पादन र उत्पादकत्व वृद्धिका आधार हुन्। समुन्नत ठाकुरबाबा, सबल नगरवासीको लक्ष्य हासिल गर्न राष्ट्रसेवकहरुलाई कामप्रति तत्पर र सेवाभावसहित समयमा नै कार्य सम्पादन गर्न उत्प्रेरित र प्रोत्साहन गर्न उत्प्रेरणामूलक कार्यक्रमहरु सञ्चालन गर्ने व्यवस्था मिलाएको छु।

१२४. राष्ट्रसेवकहरुको मनोबल बढाई सार्वजनिक सेवालाई प्रभावकारी बनाइनेछ । नगरपालिकाका सबै जनप्रतिनिधि तथा कार्यरत निजामती कर्मचारीहरुको रु. दस लाखको सामूहिक दुर्घटना बिमा र रु. एक लाखको स्वास्थ्य बिमाका लागि प्रिमियम बापतको रकम नगर सरकारले व्यहोर्ने व्यवस्था मिलाएको छु । यस योजनामा जनप्रतिनिधिलाई समेत समावेश गर्ने गरी आवश्यक व्यवस्था मिलाएको छु ।

१२५. नेपाल सरकारबाट निर्धारण भई २०७९ साउन १ गतेदेखि लागु हुने राष्ट्रसेवक कर्मचारीहरुको तलबमानमा १५ प्रतिशतका दरले वृद्धि गरेको छु । हाल प्रदान गरिएको महङ्गी भत्तालाई निरन्तरता दिएको छु । नगरपालिकाको स्रोतबाट तलब खाने शिक्षक तथा अनुदान कोटाका शिक्षकहरुका लागि समेत यो वृद्धि लागु हुनेछ ।

१२६. लामो समयदेखि न्यून तलब सुविधामा काम गरिरहेका बाल विकास केन्द्र र विद्यालय कर्मचारीहरुको तलबमानमा नगरपालिकाको तर्फबाट मासिक रु. ७ हजारका दरले थप गरी निकासा दिने कार्यलाई निरन्तरता दिएको छु ।

१२७. करार सेवामा कार्यरत कर्मचारीहरुलाई उच्च मनोबल सहित प्रभावकारी सेवा प्रवाहका लागि प्रोत्साहित गर्न योगदानमा आधारित अनिवार्य बचत गर्न आवश्यक संरचनागत विकास सहित आवश्यक बजेट विनियोजन गरिएको छ ।

**अध्यक्ष महोदय,**

प्रस्तुत बजेट तथा कार्यक्रम तयारी प्रक्रियामा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण नगरवासी, नगर प्रमुखज्यू, वडा अध्यक्षज्यूहरु, नगर सभाका सदस्यज्यूहरु, नगर कार्यपालिकाका सदस्यज्यूहरु तथा उपस्थित कर्मचारीहरुमा धन्यवाद दिन चाहन्छु । बजेट, नीति तथा कार्यक्रम तर्जुमाको सिलसिलामा नगरस्तरीय राजनैतिक दलका प्रतिनिधिज्यूहरु, पदाधिकारीज्यूहरुको विकास प्रतिको एकता, संवेदनशीलता तथा क्षेत्रगत सूचनाको जानकारी, सहभागीता एवं पृष्ठपोषण हाम्रा लागि अत्यन्त महत्वपूर्ण रह्यो । बजेट, नीति तथा कार्यक्रम निर्माणमा प्रत्यक्ष अप्रत्यक्ष सघाउ पुऱ्याउनु हुने सरकारी कार्यालय, गैर सरकारी संघसंस्था, नागरिक समाज, उद्योगी, व्यवसायी, बुद्धिजीवी, सञ्चारकर्मी, कर्मचारी साथीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । कुनै पनि योजनाको सफलता, सोको सफल कार्यान्वयनमा भर पर्ने भएकाले यसका लागि सबै राजनीतिक दल, नगर कार्यपालिकाका पदाधिकारी, नगर सभाका सदस्य, नागरिक समाज, सरकारी एवं गैर सरकारी संस्थाहरु, कर्मचारीवर्ग एवं आम नगरवासीको संयुक्त प्रयास आवश्यक छ । सदाझैँ नगरवासी र सबै सरोकारवालाबाट सहयोग प्राप्त भइरहने आशा एवं विश्वास लिएकी छु ।

**विना कुमारी भट्टराई**
**उपाध्यक्ष**
**एघारौँ नगरसभा, ठाकुरबाबा नगरपालिका**
**२०७९ आषाढ १०**